# यस अवधिमा भएका कामहरु

1. एनसेलको अनुमतिपत्र मिति २०८१।०५।१५ देखि २०८६।०५।१४ गतेसम्म ५ वर्षको लागि नवीकरण गरिएको।
2. विद्यमान कानूनमा अनुमतिपत्रको वहाल अवधि 25 वर्ष पूरा गरेका सेवा प्रदायकहरुको अनुमतिपत्र नवीकरणको लागि दूरसञ्चार नियमावलीमा संशोधन गरी इन्टरनेट सेवा प्रदायक (ISP) हरुको अनुमतिपत्र नवीकरण गर्न सुरु गरिएको । साथै इन्टरनेट सेवा प्रदायक र दूरसञ्चार सेवा प्रदायक कम्पनीको बक्यौता असूल गरिएको । वर्ल्ड लिङ्कबाट १ अर्व ३८ करोड ९० लाख २ सय २५ र पैसा ५४, सुविसु केवलनेटबाट १७ करोड ४८ लाख ५१ हजार ६ सय १५ पैसा ४७ र भायनेट कम्युनिकेसन लि. बाट २६ करोड ६८ लाख ७६ हजार ५ सय ९ पैसा ३६ गरी रोयल्टी प्राप्त भएको ।
3. २१०० मेगा हर्ज फ्रिक्वेन्सी प्रयोग बापत नेपाल टेलिकमबाट ३५,००,२६,२२९। र एनसेलबाट ३६,१५,१६,६४६। प्राप्त भएको ।
4. TikTok मा लगाइएको प्रतिवन्ध शर्त सहित फुकुवा गरी सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० बमोजिम TikTok Platform लाई सूचीकरण गरिएको। मेटा लगायत अन्य सामाजिक सञ्जाललाई समेत दर्ता गर्ने काम भइरहेको ।
5. नेपाल टेलिकमको प्रवन्ध निर्देशक, चलचित्र विकास वोर्डको कार्यकारी अध्यक्ष तथा सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक नियुक्त गरी कार्य विवरण सहित कार्य जिम्मेवारी दिइएको।
6. हुलाक सेवा विभागको पुर्नसंरचना कार्य सम्पन्न गरिएको । 753 स्थानीय तहमा हुलाक कार्यालय सञ्चालनमा आएको जसमा ६७६ हुलाक कार्यालय, ६ हुलाक निर्देशनालय, १ गोश्वारा हुलाक कार्यालय र ७० जिल्ला हुलाक कार्यालय रहेका । साथै ८० वटा हुलाक काउण्टर समेत स्थापना भई सञ्चालनमा रहेका।
7. सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ जारी भइ सो ऐनको प्रावधान बमोजिम रेडियो नेपाल र नेपाल टेलिभिजन एकीकरण गरी सार्वजनिक सेवा प्रशारण संस्थामा रुपान्तरण गरिएको। यस संस्थाको अध्यक्ष तथा सञ्चालक समितका सदस्यहरु नियुक्त भइ सोही अनुरुप काम सुरु भैसकेको।
8. मुद्रण विभागबाट नेपाल टेलिकमका लागि रिचार्ज कार्डको छपाइ शुरु गरिएको ।

9. सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद् सचिवालयमा दर्ता गरिएको ।
10. चलचित्रसम्बन्धी ऐन संघीय संसदमा दर्ता गर्ने स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश भएको ।
11. सार्वजनिक सेवा प्रसारण नियमावली तथा सुरक्षण मुद्रण नियमावली तर्जुमा भइ स्वीकृतिको चरणमा रहेको ।
12. आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ ले सूचना प्रविधि उद्योगको वर्गीकरणमा परेका उद्योगले विदेशमा लगानी गर्न पाउने व्यवस्था गरेको । विशेष आर्थिक क्षेत्रमा सूचना प्रविधि लगायत सेवामूलक उद्योगहरु समेत सञ्चालन गर्न पाउने नयाँ व्यवस्था गरिएको।
13. कागजरहित सरकारको अवधारणा बमोजिम यस मन्त्रालय र अन्तरगत निकायहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागू भै हाल संघ, प्रदेश तथा स्थानीय तहका निकायहरुमा समेत लागू हुने क्रममा रहेको । यसका लागि आवश्यक तालिम लगायतका कामहरु भइ रहेको ।
14. विभिन्न सरकारी निकायहरुबाट प्रवाह हुने सेवाहरुलाई एकीकृत रुपमा नागरिक एप मार्फत उपलब्ध गराउन त्यस्ता निकायहरुको प्रणालीहरुलाई नागरिक एपमा आवद्ध गरिएको।
15. राष्ट्रिय साईबर सुरक्षा केन्द्रको स्थापना गरी सरकारी निकायहरुको सूचना प्रविधि प्रणालीमा हुनसक्ने सम्भाबित साईबर हमला न्यूनीकरण गर्न संयन्त्र निर्माण गरिएको।
16. सरकारी निकायहरुले प्रयोगमा ल्याएका सूचना प्रविधि प्रणालीहरुको Security Audit मार्फत Vulnerability पत्ता लगाई थप सुरक्षित गर्न मिलाउनुपर्ने सुरक्षा प्रावधानका सम्बन्धमा सिफारिश गरिएको।
17. नेपालमा कृत्रि बौद्धिकता (Artificial Intelligence-AI) को प्रयोग एवं अभ्यास सम्वन्धी नीति तर्जुमा भइ स्वीकृतिको अन्तिम चरणमा रहेको ।
18. गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति तथा हुलाक सेवा सम्बन्धी पुराना ऐनहरुलाई विस्थापित गरी नयाँ ऐन तर्जुमा गर्ने कार्यहरु भइरहेको ।